# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

# प्रेस-विज्ञप्ति

२५ जेठ २०७७

## चक्रबहादुर खत्री आयोगको रोहवरमा रिहा

## स्वेच्छाचारी पक्राउ र गैरकानुनी थुनामा राख्ने कार्य बन्द गर ।

हलेसी तुवाचुङ्ग नगरपालिका-२ खोटाङ बस्ने चक्रबहादुर खत्री सर्वोच्च अदालतको २०७७ जेठ २३ को आदेशबमोजिम राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोविन्द शर्मा पौड्यालको रोहवरमा आयोग परिसर हरिहरभवनबाट आज रिहा भएका छन् । निज खत्रीलाई २०७६ वैशाख २ देखि हालसम्म ६ पटक नेपाल प्रहरीले स्वेच्छाचारी रुपमा पटकपटक पक्राउ गरी लकडाउनको अवधिमा समेत खोटाङ, उदयपुर, पुनः खोटाङ र सोलुखुम्बु हुँदै सिराहा पुऱ्याएकोमा प्रवृत्त भावना राखी निजलाई गैह्रकानुनी थुनामा राखेको ठहर गर्दै सर्वोच्च अदालतको आदेशबाट उनी रिहा भएका हुन् । निज खत्रीको अवस्था सम्बन्धमा परिवारलाई जानकारी समेत नदिई स्थिति अज्ञात पार्ने गरिएको, निजउपर अपमानजनक व्यवहार गरिएको तथा सर्वोच्च अदालतबाट पटकपटक जारी भएका आदेशहरुको वेवास्ता गरिएको सम्बन्धमा आयोगले गत जेठ १६ गते चौबीस घण्टाभित्र जवाफ पठाउन गृह मन्त्रालयलाई पत्राचार गरेको थियो ।

निज खत्रीको रिहाइ सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशबमोजिम निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपभोग गर्न पाउने अधिकारको प्रचलनको लागि आयोगलाई अनुगमन गर्न समेत निर्देशन भएको हुँदा सो अनुरुप निजको अधिकार संरक्षण गरी निज खत्रीलगायत अन्य कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी रुपमा पक्राउ नगर्न तथा गैह्रकानुनी थुनामा राख्ने कार्य बन्द गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

.....................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org